आयुर्वेद श्रृङ्खला-५

आयुर्वेद
अरूंषिका रोग
(टाउकामा आउने बिमिराविशेष)

(Eczema of the face and Scalp)

सङ्कलन : मोहन प्रसाद सापकोटा

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

विषयसूची

मूल विषय	विषय	पेज नं.
परिभाषा खण्ड	अरूंषिका टाउकाको खटिराविशेष	१
प्रारम्भिक उपचार खण्ड	उपचार शुरुगर्नु अघि ध्यान दिने कुरा, पहिलो उपचार	३
	दोश्रो उपचार	४
	तेश्रो उपचार	५
अन्य उपचार दण्ड	अजयपाल आदिको प्रयोग, इन्द्रलुप्त रोगका ओखतीको प्रयोग, कवई आदिको प्रयोग	६
	कूट आदिको प्रयोग, खयर आदिको प्रयोग	७
	गोबर आदिको प्रयोग, चमेली आदिको प्रयोग, जटामसी आदिको प्रयोग, जेठीमधु आदिको प्रयोग	८
	ठुलोकुरो आदिको प्रयोग, तिल आदिको प्रयोग	९
	त्रिफला आदिको प्रयोग	१०
	दहीको प्रेग, नीम आदिको प्रयोग, नीलकमल आदिको प्रयोग, परबर आदिको प्रयोग	११
	बेल आदिको प्रयोग, भलायो आदिको प्रयोग, मैनसिल आदिको प्रयोग	१२
	रातीगेडी आदिको प्रयोग, वायुविडङ्ग आदिको प्रयोग, शिरीष आदिको प्रयोग, सर्सिउँ आदिको प्रयोग	१३
	सिउँडी आदिको प्रयोग, सुगन्धवाल आदिको प्रयोग	१४
	सुली आदिको प्रयोग, सैजन आदिको प्रयोग, हरिताल आदिको प्रयोग	१५
	नियमित उपचार, अन्तिम उपचार	१६
	तौल र नापो	१७

विषयसूची समाप्त भयो

सङ्कलन : मोहन प्रसाद सापकोटा

परिभाषा खण्ड

अरुंषिका (टाउकाको रोगविशेष)

(Eczema of the face and Scalp)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कपाले क्लेदबहुलाः पित्तासृक्श्लेष्मजन्तुभिः ॥ कङ्गुसिद्धार्थकनिभाः पिटिकाः स्युररूंषिकाः ।

टाउकामा पित्त, रगत, कफ र कीराको विकृतिले गर्दा कागुनु वा सर्सिउँ जस्ता साना-साना, धेरै, पसिना निकालिरहने वा दुख्ने खालका विमिरा आउने रोगलाई "अरूंषिका" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

अरूंषि बहुवक्त्राणि बहुक्लेदीनि मूर्ध्नि तु ।
कफासृक्क्रिमिकोपेन नृणां (तानि) विद्यादरूंषिकाम् ॥

कफविकार, रक्तविकार र कीराका कारण मानिसका शिरमा धेरै मुख हुने, तरल पदार्थ बगिरहने गिलो खालको खटिरा वा घाउ बन्दछ भने त्यसलाई "अरूंषिका" भनिन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

अरूंषि बहुवक्त्राणि बहुक्लेदीनि मूर्द्धिनि । कफासृक्कृमिकोपेन नृणां विद्यादरुंषिकाम् ॥

कफविकार, रक्तविकार तथा कीराका कारण मानिसका टाउकामा आउने धेरै मुख भएको, रस बहिरहने खटिरालाई अरुंषिका भनिन्छ ।

(घ) सुश्रुत संहिता :

अरूंषि बहुवक्त्राणि बहुक्लेदीनि मूर्धनि । कफासृक्कृमिकोपेन नृणां विद्यादरुंषिकाम् ॥

कफविकार, रक्तविकार तथा कीराका कारण मानिसका टाउकामा आउने धेरै मुख भएको, रस बहिरहने खटिरालाई अरुंषिका भनिन्छ ।

(ङ) हंसराज निदान :

अतिरूक्षतमे शीर्षे बहुकण्डुसमन्विते । जायते दारुणो रोगः कफमारुतरोगतः ॥

अति नै रुखो टाउको अति नै चिलाउने गर्दछ भने त्यस्तो डरलाग्दो कफ र वात बिग्रेर हुने रोगलाई अरूंषिका भनिन्छ ।

नोट : अंग्रेजीमा यसलाई scab on the head, Seborrhoea, Pityriasis capitis, Eczema of the face and Scalp **आदि परिभाषा दिइएको पाइन्छ ।**

सङ्कलन : मोहन प्रसाद सापकोटा

प्रारम्भिक उपचार खण्ड
उपचार शुरु गर्नुअघि ध्यान दिनुपर्ने कुरा

(क) वङ्गसेन आयुर्वेद :

मुण्डयित्वा शिरः पूर्वं क्रियामेतां प्रयोजयेत्॥
पहिला कपाल खौरेर मात्र यी सबै उपचार गर्नुपर्दछ ।

पहिलो उपचार : रगत निकाल्ने कार्य

(क) अष्टाङ्ग सङ्ग्रह :

अरूंषिकासु जलौकोपहृतशोणितं शिरः क्षुरामृष्टं वा ...।

अरूंषिका रोगमा जूकाले टोकाएर वा धारिलो छुराले काटेर टाउकाबाट रगत बगाउनु पर्दछ ।

(ख) अष्टाङ्ग हृदय :

अरूंषिका जलौकोभिर्हृतास्रा ...।

संकलन : मोहन प्रसाद सापकोटा

अरुंषिका रोगमा जूकाले टोकाएर रगत निकाल्नू ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

अरुंषिकायां रुधिरेऽवसिक्ते शिराव्यधेनाथ जलौकसा वा ।

अरुंषिका रोगमा पहिले नसा प्वाल पारेर वा जूकाले टोकाएर रगत निकाल्नू ।

(घ) वङ्गसेन आयुर्वेद : अरूंषिकां जलौकाभिग्रांहयेद्बहुशो भिषक् ।

अरूंषिकालाई धेरै पटक वैद्यले जूका लगाएर टोकाउनू ।

(ङ) सुश्रुत संहिता :

अरूंषिकां हृते रक्ते....।

अरुंषिकामा (पहिले) रगत निकाल्नू ।

दोस्रो उपचार : पखाल्ने कार्य

(क) अष्टाङ्ग सङ्ग्रह :

... निम्बोदकेन परिषिच्य...।

त्यसपछि (रगत बगाएपछि) नीमको काँढापानीले पखाल्नू ।

(ख) अष्टाङ्ग हृदय :

...निम्बवारिणा । सिक्ता...।

यसपछि नीमको काँढापानीले पखाल्नू ।

(ग) चक्रदत्त, वङ्गसेन आयुर्वेद :

निम्बाम्बुसिक्तैः ...।

त्यसपछि नीमवृक्षका बोक्राको मनतातो काँढापानीले टाउको पखाल्नू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) भैषज्य रत्नावली, योगरत्नाकर, वङ्गसेन आयुर्वेद :

निम्बाम्बुसिक्ते ...।

त्यसपछि नीमवृक्षका बोक्राको मनतातो काँढापानीले टाउको पखाल्नू ।

(ङ) वङ्गसेन आयुर्वेद :

प्रक्षालयेन्मुहुस्तत्र सैन्धवक्वाथवारिभिः ॥

सिँधेनुनको काँढापानीले पटक पटक पखाल्नू ।

(च) सुश्रुत संहिता :

...सेचयेन्निम्बवारिणा ॥

(रगत निकालेपछि) नीम-पानीले पखाल्नू ।

तेश्रो उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

...अश्वशकृद्रसेन लवणप्रगाढेन लेपयेत् ।
किञ्चित् कालं स्थितं चोष्णोदकाम्लकाञ्जिकान्यतरधौतं ...।

घोडाको लिदीको रसमा धेरै सिँधेनुन मिसाई दल्नु पर्दछ । केही समयपछि तातोपानी अथवा अमिलो काँजी आदिले टाउको पखाल्नू ।

(ख) अष्टाङ्ग हृदय :

... प्रभूतलवणैर्लिम्पेदश्वशकृद्रसैः ॥२१॥

अनि पर्याप्त नुन मिसाएर घोडाको लिदीको रसको लेप दल्नू ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

...शिरसि प्रलेपो देयोऽश्ववर्चोरससैन्धवाभ्याम् ॥७५॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

त्यसपछि घोडाको लिदीको रस र सिँधेनुन मिसाएर पिसी लेप बनाएर दल्नू ।

(घ) योग रत्नाकर :

... शिरसि प्रलेपो देयश्च वर्चोरससैन्धवाभ्याम् ॥

त्यसपछि गोबरको रस र सिँधेनुन मिसाएर लेप दल्नू । अरुंषिका नाश हुन्छ ।

(ङ) सुश्रुत संहिता :

दिह्यात् सैन्धवयुक्तेन वाजिविष्ठारसेन तु ।

(नीम-पानीले पखालेपछि) घोडाको लिदीको रसमा सिँधेनुन मिसाएर लेप दल्नू ।

नोटः नीम-पानीले पखालेपछि लगाउने ओखती वैकल्पिक हुन् । घोडाको लिदी नै प्रयोग गर्नुपर्दछ भन्ने छैन । उपलब्धता हेरी “अन्य उपचार खण्ड” मा बताइएका ओखती उपचारको प्रयोग गर्नू ।

अन्य उपचार खण्ड
अजयपाल आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

दन्तीपाठाकोशातकीचित्रकातिविषामहालाङ्गलकीसिद्धं तैलं व्रणाभ्यङ्गः ।

अजयपाल, गुन्द्रगानु, घिरौंलो, चितू, अतीस र गुन्यामधुरा हाली विधिपूर्वक पकाइएको तेल खटिरामा दल्ने गर्नू ।

इन्द्रलुप्त रोगका ओखतीको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

तथा चाचोक्तं चित्रकादितैलमभ्यञ्जनम् ।

त्यसैगरी इन्द्रलुप्त रोगको उपचारका क्रममा बताइएको चित्रकादितैल दल्ने गर्नू ।

(ख) **वङ्गसेन आयुर्वेद :** सङ्कलन : मोहन प्रसाद सापकोटा

इन्द्रलुप्तोक्तविधिना तैलेनानेन वा जयेत् ।

यो रोगमा इन्द्रलुप्त रोगमा बताइएका तेलले पनि उपचार गरी रोगलाई जित्न सकिन्छ ।

(ग) **सुश्रुत संहिता :**

इन्द्रलुप्तापहं तैलमभ्यङ्गे च प्रशस्यते ॥

इन्द्रलुप्त रोगमा बताइएको तेलले मालिश गर्नु पनि हितकर हुन्छ ।

कवई आदिको प्रयोग

(क) **रस-रत्नाकर, सिद्धनित्यनाथ :**

काकमाचीरसे सिद्धं कटुतैलं चतुःपलम् । मनःशिलासोमराजीबीजसिन्दूरगन्धकैः ॥
शाणमात्रैस्तदभ्यङ्गाद्धन्त्यवश्यमरुंषिकाम् । पामां विचर्चिकाञ्चैव तथान्याञ्छिरसो व्रणान् ॥

सर्सिउँको तेल एक सेर (करिब ९६० ग्राम), कवईको रस चार सेर तथा मैनसिल, सोमराजीका बीज , सिन्दरु र गन्धक छ छ मासा बटुली मिसाएर विधिपूर्वक तेल पकाउनू। यो तेल दल्ने गर्नाले अरुंषिका अवश्य नाश हुन्छ । यसले लुतो, विचर्चिका तथा अन्य टाउकाका खटिरा पनि नाश गर्दछ ।

कूट आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

कपालभृष्टकुष्ठचूर्णं तैलयुक्तं कण्डूक्लेददाहस्वेदवेदनाघ्नम् ।

माटाको खबटामा भुटिएको कूटको धूलोमा तेल मिसाएर दल्ने गर्नाले (अरूंषिका रोगमा) चिलाउन, खटिराबाट पानी बहन, पोल्न, पसिना आउन र दुख्न ठिक हुन्छ ।

(ख) अष्टाङ्ग हृदय :

कपालभृष्टं कुष्ठं वा चूर्णितं तैलसंयुतम् । रूंषिकालेपनं कण्डूक्लेददाहार्तिनाशनम्॥

अथवा सुगन्धी कूटलाई माटाको खबटामा भुटी पिसेर तेलमा मिसाई लेप दल्नू । यसले चिलाउने, ओसिलो हुने, डाह हुने र दुख्ने समस्या शान्त हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) चक्रदत्त, वङ्गसेन आयुर्वेद :

अरुंषिघ्नं भृष्टकुष्ठचूर्णं तैलेन संयुतम्॥

अथवा भुटेको कूटको धूलो तिलको तेलमा पिसेर लेप बनाई दल्नू । अरुंषिका नाश हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद :

कपालभ्रष्टकुष्ठं वा चूर्णितं तैलसंयुतम् । अरूंष्यां लेपनं क्लेददाहास्रज्वरनाशनम्॥

कुटलाई खबटामा भुटी धूलो बनाएर तेलमा पिसेर लेप बनाई दल्नाले अरूंषिका, पानी बहने समस्या, डाह, रक्तविकार जरो नाश हुन्छ ।

खयर आदिको प्रयोग

(क) योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

खदिरारिष्टजम्बूनां त्वग्भिर्वा मूत्रसंयुतैः ।

खयरको बोक्रा, नीमको बोक्रा, जामुन वा फणिरको बोक्रा गहुँतमा पिसी लेप बनाएर दल्ने गर्नाले अरुंषिका नाश हुन्छ ।

गोबर आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

गोशकृद्रसपिष्टं वा तालमूलं प्रशस्यते ॥

अथवा ताडको जरा गाईको गोबरको रसमा पिसेर लेप बनाई दल्नाले अरूंषिका नाश हुन्छ ।

चमेली आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

मालतीचित्रकाश्वघ्ननक्तमालप्रसाधितम् । वचारूंषिकयोस्तैलमभ्यङ्गः क्षुरघृष्टयोः ॥

इन्द्रलुप्त र अरुंषिकामा टाउको छुराले खुर्केर चमेलीका पात र फूल, चितू, करवीरका पात र करञ्जका पात मिसाएर विधिपूर्वक पकाइएको तेल दल्ने गर्नू ।

जटामसी आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : मांसीतैल

मांसीस्वरससंसिद्धं कटुतैलं चतुष्पलम् । मनःशिला तथा मांसी राजीवजञ्च गन्धकम् ॥
शाणामात्रैस्तदभ्यङ्गाद्धन्त्यवश्यमरूंषिकाम् । पामां विचर्चिकाञ्चैव तथान्याञ्छिरसोव्रणान् ॥

जटामसीको रसमा अथवा मांसरोहिणीको रसमा सर्सिउँको तेल १६ तोला, मैनसिल, जटामसी वा मांसरोहिणी, कमलको केशर र गन्धक चार चार मासा हाली तेल पकाउनू । यो तेलले मालिश गर्नाले अरूंषिका, लुतो, विचर्चिका र अन्य टाएकाका रोग अवश्य नाश हुन्छ ।

जेठीमधु आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

मधुकोत्पलतिलैरण्डमार्कवपत्रैर्वा ।

अथवा जेठीमधु, नीलकमल, तिल, अँडिर र सेतो भृङ्गिराजका पात मिसाएर पिसी लेप दल्नु पर्दछ ।

(ख) सुश्रुत संहिता :

यष्टीनीलोत्पलैरण्डमार्कवैर्वा प्रलेपयेत् ।

अथवा जेठीमधु, नीलकमल, अँडिर सेतो भृङ्गिराज पिसेर लेप दल्नू ।

ठुलोकुरो आदिको प्रयोग

(क) योग रत्नाकर :

कुटजत्वक् सैन्धवं वा लेपाद्धन्यादरुंषिकाम् ॥

अथवा ठुलोकुरोको बोक्रा र सिँधेनुन पिसेर लेप बनाई दल्ने गर्नाले अरुंषिका नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुटजत्वक्च लवणं संप्रपिष्टं प्रलेपयेत् ।

ठुलोकुरोको बोक्रा र सिँधेनुन पिसेर लेप बनाई दल्नाले अरूंषिका नाश हुन्छ ।

तिल आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

तिलमष्या वा स्नुहीक्षीरयुक्तया । पुराणपिण्याककुक्कुटपुरीषाभ्यां वा ॥

अथवा तिलको खरानी सिउँडीको दूधमा मिसाएर दल्नू । अथवा पुरानो पिना र कुखुराको सुली मिसाएर पिसी लेप बनाएर दल्नु पर्दछ ।

(ख) अष्टाङ्ग हृदय :

गोमूत्रजीर्णपिण्याककृकवाकुमलैरपि ॥

अथवा गहुँत, पुरानो पिना र कुखुराको सूली पिसेर लेप बनाई दल्नू ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

पुराणमथ पिण्याकं ... । मूत्रपिष्टं प्रलेपोऽयं शीघ्रं हन्यादरुंषिकाम्॥

तिलको पुरानो पिना गहुँतमा पिसेर लेप बनाई दल्नू । अरुंषिका नाश हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद, वैद्यरहस्य :

पुराणमथपिण्याकं पुरीषं कुक्कुटस्य च । मूत्रेपिष्टः प्रलेपोऽयं शीघ्रं हन्यादरुंषिकाम्॥

तिलको पुरानो पिना र कुखुराको सुली गहुँतमा पिसेर लेप बनाई दल्ने गरेमा टाउकाको अरुंषिका रोग नाश हुन्छ ।

त्रिफला आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

सङ्कलन : मोहन प्रसाद सापकोटा

त्रिफलाऽयोरजोयष्टीमार्कवोत्पलसारिवाः । सैन्धवं पक्वमेतैस्तु तैलं हन्यादरूंषिकाम्॥

हर्रो, बर्रो, अमला, लोहभस्म, जेठीमधु, सेतो भृङ्गिराज, नीलकमल र अनन्तमूल अनि सिँधेनुन हालेर पकाइएको काँढापानीमा विधिपूर्वक तेल पकाई तयार पारिने "त्रिफाद्यतैल" ले अरूंषिका नाश गर्दछ ।

(ख) भैषज्य रत्नावली :

त्रिफलायोरजोयष्टिमार्कवोत्पलशारिवैः । ससैन्धवैः पचेत्तैलमभ्यङ्गोऽरुंषिकां जयेत्॥

त्रिफला, लोहभस्म, जेठीमधु, सेतो भृङ्गिराज, नीलकमल, अनन्तमूल र सिँधेनुन पिसेर हाली विधिपूर्वक पकाइएको तेलले मालिस गर्नाले अरुंषिका रोग नाश हुन्छ ।

(ग) योग रत्नाकर :

त्रिफलाया रजो यष्टी मार्कवोत्पलसारिवाः । सैन्धवं पक्वमेतैस्तु तैलं हन्यादरुंषिकाम्॥

त्रिफला, जेठीमधु, सेतो भृङ्गिराज, नीलकमल, अनन्तमूल र सिँधेनुन पिसी चौबर तेल तथा १६ गुना पानी हालेर विधिपूर्वक पकाइएको तेलले मालिस गर्नाले अरुंषिका नाश हुन्छ ।

दहीको प्रयोग

(क) वैद्यरहस्य :

दध्नायोऽनुदिनं मर्त्यो मूर्द्धानमुलिम्पति । अरूंषिका सर्वथाऽस्य नश्यत्यल्पैस्तु वासरैः ॥

जो मानिस हरेक दिन टाउकामा दही दलेर नुहाउने गर्दछ उसको अरुंषिका थोरै दिनमा नै नाश हुन्छ ।

नीम आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

निम्बोदकेन लवणैः प्रलेपोऽश्वकृद्रसैः ॥

नीमको रसमा सिँधेनुन र घोडाको लिदीको रस मिसाएर पिसी लेप बनाएर दल्नाले अरूंषिका नाश हुन्छ ।

नीलकमल आदिको प्रयोग

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) अर्कप्रकाश :

नीलोत्पलस्य किञ्जल्कमामलं मधुयष्टिका । क्लिन्नं गोमूत्रके चैव तदर्कोऽरूंषि नाशयेत् ॥

नीलकमलको केसर, अमला र जेठीमधुलाई गहुँतमा भिजाएर निकालिएको अर्क दल्ने गर्नाले टाउकाको अरुंषिका रोग नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता, योगरत्नाकर :

नीलोत्पलस्य किञ्जल्को धात्रीफलसमन्वितः । यष्टीमधुकयुक्तश्च लेपाद्धन्यादरूंषिकाम् ॥

नीलकमलको केसर, अमला र जेठीमधु मिसाई पिसेर लेप दल्नाले अरूंषिका रोग नाश हुन्छ ।

परबर आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

पटोलनिम्बपत्रैर्वा सहरिद्रैः सुकल्कितैः ।

अथवा परबरका पात, नीमका पात र हलेदो मिसाएर पिसी लेप बनाएर दल्नू ।

(ख) वङ्गसेन आयुर्वेद :

मुहुर्मुहुस्ततो लिम्पेत्पटोलारिष्टवासकैः ।

परबरका पात, नीम र असुरो मिसाएर पिसी पटक पटक लेप बनाएर दल्नू ।

बेल आदिको प्रयोग

(क) वैद्यरहस्य :

बिल्वस्यमज्जा पिष्टेन सहदध्ना हयद्विषः । स्नायात्प्रालिप्तमूर्द्धानमरूंषिविनिवृत्तये ॥

काँचो बेलको गुदी र करवीरलाई दहीमा मिसाएर पिसी टाउकामा लगाउने र नुहाउने गरे अरूंषिका रोग नाश हुन्छ ।

भलायो आदिको प्रयोग

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) रसरत्न समुच्चय :

भल्लातकं च वृहती गुञ्जामूलं फलं तथा । मधुना सह लेपेन चाम्परोगचयप्रणुत् ॥

भलायो, बिहीँ, रातीगेडीको जरा र रातीगेडीको फल पिसी धूलो बनाएर कपडछान गर्नू । यो धूलो महमा पिसेर लेप बनाई दल्नू चाम्परोग ठिक हुन्छ ।

नोट : चाम्पको अर्थ पत्ता लगाउन सकिएन । तर अरूंषिका रोगको उपचारसँगै दिइएको हुनाले यहाँ सोही रोग अनुमान गरी समावेश गरिएको हो ।

मैनसिल आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

मनश्शिलैलाहरितालपिप्पलीकुष्ठकासीसहरिद्राकरञ्जमुस्तातगरविडङ्गंचित्रकसिद्धार्थककरवीरमू-ल चूर्णगर्भं तैलमादित्यपाकं व्रणरोपणम् ।

मैनसिल, अलैंची, हरिताल, पिप्ला, कूट, हीराकसी, हलेदो, लेखपाङ्गो, नागरमोथे, तगर, कालिकाठ, चितू, सर्सिउँ र करवीरको जरा हाली सूर्यपाक गरिएको तेल लगाएर घाउ भर्नू ।

रातीगेडी आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

गुञ्जामूलं फलं चूर्णं कण्टकार्या फलद्रवैः । तेन लेपेन हन्त्याशु चाम्परोगं सुदुःसहम्॥

रातीगेडीको जरा र फलको धूलो कण्टकारीको फलको रसमा पिसेर लेप बनाई दल्ने गर्नाले पनि कडा खालको चाम्परोग चाँडै नाश हुन्छ ।

वायुविडङ्ग आदिको प्रयोग,

(क) अष्टाङ्ग सङ्ग्रह :

विडङ्गव्योषलाक्षागारधूममनोह्वालवचारसाञ्जनहरिद्राद्वयैरालिम्पेत् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

वायुविडङ्ग, त्रिकटु, लाहा, घरको ध्वाँसो, मैनसिल, हरिताल, बोझो, रसाञ्जन, हलेदो र चुत्रो पिसी लेप बनाएर दल्नू ।

शिरीष आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

शिरीषत्वग्यष्टीमधुकाभ्यां वा ।

अथवा शिरीष वृक्षका बोक्रा र जेठीमधु पिसेर मलम बनाई दल्नु पर्दछ ।

सर्सिउँ आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

कटुतैलकृतं नस्यं पलितरुंषिकापहम्॥

सर्सिउँको तेलको नस्य लिनाले अथवा यो दुई चार थोपा नाकमा हाल्ने गर्नाले अरुंषिका रोग नाश हुन्छ ।

(ख) रस-रत्नाकर, सिद्धनित्यनाथ :

कटुतैलमरूंषिघ्नं मूत्रे वंशफलैः स्मृतम्॥

सर्सिउँको तेल दुई सेर, गहुँत आठ सेर र बाँसका बीजको धूलो आधा सेर मिसाएर विधिपूर्वक पकाइएको तेल टाउकामा लगाउने गर्नाले अरूंषिका नाश हुन्छ ।

सिउँडी आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

स्नुह्यर्कदुग्धधत्तूरपत्रं मूत्रविमिश्रितम् । लेपनं तैलसंयुक्तं हितं कण्डूशिरोव्रणे ॥

सिउँडी र आँकको दूध तथा धतुरोका पात मिसाई गहुँतमा पिसेर तेल मिसाई लेप बनाएर दल्नाले टाउको चिलाउने र त्यहाँ आएका खटिरा नाश हुन्छन् ।

स्नुहाद्यतैल

स्नुहीसु परशुच्छिन्ना शालिपर्ण्यजमृत्तिका । एतेषां पलिकान् भागान् कर्षं स्यात्केशभस्मतः ॥
शफरीं विंशतिन्दद्यात्तावन्तीं माक्षिकाः क्षिपेत् । अरूंषिकां नाशयति जयेद्दुष्टव्रणानपि ॥
नखदन्तक्षतोत्पन्नान्विच्छिन्नांश्च विसर्पिणः । अत्यन्तपूयबहुला अस्रावाः कुपिताश्च ये ॥
प्रक्षणाच्छोषयेद्ग्रीष्मं पल्लवाम्मोरुहान्यथा । शोथयेद्रोपयेच्चैव यथाभिहितभोजिनः ॥

उत्तम खालको बञ्चरोले काटिएको सिउँडी, शालपर्णीको फेद र बोकाको खोरको माटो चार चार तोला; कपालको भस्म १ तोला, शफरी जातको माछा २० र माहुरी २० लिनू । सबै मिसाएर विधिपूर्वक तेल पकाउनू । यो तेलले अरूंषिका र खराब खटिरा नाश गर्दछ । नङ र दाँतले बनाएका घाउ, छिनेको । फैलने, धेरै पानी बहने, सुक्खा घाउ चाँडै भर्दछ । यो घाउ भर्ने र शुद्ध पार्ने ओखती हो । यसबेला हितकर खानपिन गर्नुपर्दछ ।

सुगन्धवाल आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

वालकामलकनागरमूलकसर्षपबीजैर्वा क्षीरपिष्टैः ।

अथवा सुगन्धवाल, अमला, सुठो, मूलाका बीज र सर्सिउँका बीज दूधमा पिसेर मलम बनाई दल्नुपर्दछ ।

कुखुराको सुली आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

... पुरीषं कुक्कुटस्य वा । मूत्रपिष्टं प्रलेपोऽयं शीघ्रं हन्यादरुंषिकाम्॥

अथवा कुखुराको सुली गहुँतमा पिसेर लेप बनाई दल्नू । अरुंषिका नाश हुन्छ ।

सैजन आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

शिग्रुमूलकसर्षपबीजैर्वा गोमूत्रपिष्टैः ।

अथवा सैजन, मूला र सर्सिउँका बीज गहुँतमा पिसी लेप बनाएर दल्नु पर्दछ ।

हरिताल आदिको प्रयोग

(क) सुश्रुत संहिता :

सङ्कलन : मोहन प्रसाद सापकोटा

हरितालनिशानिम्बकल्कैर्वा सपटोलजैः॥

हरिताल, हलेदो, नीम र परबर पिसी लेप बनाएर दल्नू ।

हलेदो आदिको प्रयोग

(क) चक्रदत्त, योग रत्नाकर, रसरत्नाकर, वङ्गसेन आयुर्वेद :

हरिद्राद्वयभूनिम्बत्रिफलारिष्टचन्दनैः । एतत्तैलमरूंक्षीणां सिद्धमभ्यञ्जने हितम्॥

हलेदो, चुत्रो, चिराइतो, त्रिफला, नीमका बोक्रा र रक्तचन्दन बराबर लिई पिस्नू । यो ओखती चौबर तिलको तेल र १६ गुना पानी हालेर विधिपूर्वक तेल पकाउनू । यो तेल लगाउने गर्नाले टाउकाको अरुंषिका नाश हुन्छ ।

नियमित उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

परिषेकस्त्वरूंषिकाशिरस्तोददाहपाकव्रणेषु ।

अरूंषिका तथा टाउको दुख्ने, डाह हुने, पाक्ने र खटिरा आउने रोगमा टाउको पखाल्ने वा नुहाउने गर्नुपर्दछ ।

अरूंषिकाशिरस्तोददाहपाकव्रणेषु तु ॥ परिषेकः...।

अरूंषिका तथा सियोले घोचेजसरी टाउको दुख्ने, डाह हुने, पाक्ने र खटिरा आउने रोगमा टाउको पखाल्ने वा नुहाउने गर्नुपर्दछ ।

वमन, विरेचन

(क) अष्टाङ्ग सङ्ग्रह :

एवमनुपशमे वमनधूमकायशिरोविरेकान् कुर्यात् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उल्लेखित उपचारले रोग शान्त नभए वान्ता गराउने, धूमपान गराउने, दिसा लगाउने र शिरोविरेचन (शिरवस्ति) दिने जस्ता उपचार गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

अशान्तौ शिरसः शुद्ध्यै यतेत वमनादिभिः ।

पहिले बताएका विधिले रोग शान्त नभए वमन र विरेचन आदि गराई शरीरलाई शुद्ध बनाउन प्रयाश गर्नू ।

॥ समाप्त ॥

तौल र नापो (श्रोत : आयुर्टाइम्स डटकम, नेपाली अमरकोश)

आयुर्वेदीक नापो	आधुनिक नापो (करिब)
१ परमाणु	०.००१६ मिलिग्राम
१ ध्वंशी वा वंशी वा त्रसरेणु	०.०५ मिलिग्राम
१ मरीचि	०.३२ मिलिग्राम
१ रक्तसर्षप	१.९५ मिलिग्राम
१ तुण्डल	१५.६२ मिलिग्राम
१ धान्याम्श	३१.२५ मिलिग्राम
१ यव	६२.५ मिलिग्राम
१ रत्ती	१२५ मिलिग्राम
१ अण्डिका	२५० मिलिग्राम
१ माषक वा माषा	१ ग्राम
१ शाण	३ ग्राम
१ कोल	६ ग्राम
१ तोला	१२ ग्राम
१ कर्ष, १ अक्ष	१२ ग्राम
१ शुक्ति	२४ ग्राम
१ पल	४८ ग्राम, ४ कर्ष, ६४ मासा, ५ तोला ४ मासा
१ छतङ्क	६० ग्राम
१ प्रसृति	९६ ग्राम
१ छटक	१८६ ग्राम
१ कुडव	१९२ ग्राम, ४ निकुञ्चक, १ कुरुवा
१ पाउ	२४० ग्राम
१ माणिका	३८४ ग्राम
१ प्रस्थ	७६८ ग्राम, ४ कुडव, ८ माना, १ पाथी
१ सेर	९६० ग्राम
१ आढक	३.७३ किलोग्राम, ४ पाथी
१ तुला	४.८ किलोग्राम, १०० पल, ५३३ तोला र ४ मासा
१ द्रोण	१२.२२८ किलोग्राम, १६ पाथी
१ सु(सू)र्प	२४.५७६ किलोग्राम, २ द्रोण
१ द्रोणी वा गोणी	४९.१५२ किलोग्राम, २ सूर्प
१ भार	९६ किलोग्राम, २० तुला, १०,६६६ तोला र ८ मासा
१ खारी	१९६.६०८ किलोग्राम, १२ मुरी १६ पाथी
१ वाह	२० खारी, २४६ मुरी
१ निकुञ्चक	५ मुठी, आधा माना
१ आचित (मानिसले बोक्न नसक्ने गाडामा हालेर चलाउनुपर्ने भारी)	१ दशभार, १,०६,६६६ तोला र ८ मासा

सङ्कलन : मोहन प्रसाद सापकोटा